# मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

मटिहानी नगरपालिकाको
आर्थिक वर्ष २०८२/०८३ को लागि

# नीति, कार्यक्रम तथा बजेट

नगर सभामा प्रस्तुत : २०८२/०३/०४ गते

Website: matihanimun.gov.np Email: info@matihanimun.gov.np ito@matihanimun.gov.np

CamScanner

# मटिहानी नगरपालिका

## आर्थिक वर्ष २०८२-२०८३ को नीति तथा कार्यक्रम

## "सांस्कृतिक शहर, समृद्ध नगर"

मटिहानी नगरपालिकाको ऐतिहासिक १५ औं नगरसभामा नगर प्रमुख श्री हरि प्रसाद मण्डलज्यू द्वारा प्रस्तुत वर्ष २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट।

उपस्थित अतिथिगण, नगर उपप्रमुख तथा सम्पूर्ण सभासद् मित्रहरू,

यस मटिहानी नगरपालिकाको गरिमामय १५ औं नगरसभामा नगर प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२।८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुभन्दा पहिले देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि जनआन्दोलन, सशस्त्र जनयुद्ध, र मधेश आन्दोलनमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुभएका सम्पूर्ण वीर ज्ञात, अज्ञात सहिदहरूप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

मटिहानी नगरपालिकाको बजेट प्रस्तुत गर्दै गर्दा मटिहानी नगरपालिकाको त्रेतायुगीन मटिहानी जसको पौराणिक,अध्यात्मिक, हिन्दु-मुस्लिमको धार्मिक सहिष्णुतालाई सदैव मनन गर्नु पर्दछ ।

विवाह पन्चमीमा हुने मटकोर, झुला, मिथिला परिक्रमामा अयोध्यावाट आउने जन्ती, पीर बाबा, तस्मैया बाबा जस्ता धार्मिक गुरुलाई स्मरण नगर्दा मटिहानी नगरपालिका अधुरो हुन्छ ।

नेपालकै सवैभन्दा पुरानो ३०७ बर्षे प्राचिन गुरुकुल जसले मटिहानीको गरिमा वढाएको छ ।

मटिहानी, सिमरदही, बहुअर्वा, धिरापुर, मझौरा-बिशनपुर, गोबरौरा, सिरसिया, सानो धिरापुर, बरदाहा सबै गाउँहरुको आ-आफ्नै गरिमा र महत्व रहेको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएका मटिहानी नगरपालिकाका सम्पूर्ण कार्यहरूमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गीकार गर्दै सुशासनयुक्त शासन विधिको व्यवस्थाको सुनिश्चितता गरिनेछ। स्थानीय जनताको जीवनस्तर माथि उकास्न

स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ। नगर निर्माणको कार्यमा सरकारी, समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्रको साझेदारीलाई अगाडि बढाइनेछ।

मटिहानी नगरपालिकाको आगामी आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, लोककल्याणकारी अवधारणा, नेपाल सरकारको आवधिक योजना तथा आगामी आर्थिक वर्षका लागि पारित नीति तथा कार्यक्रम, मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारले प्रतिबद्धता गरेका दिगो विकासका लक्ष्यहरू, मध्यमकालीन खर्च संरचना र नगरपालिकाको आवधिक योजना समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरि हितलाई ध्यानमा राखी नगरको चौतर्फी विकासमा योगदान पुग्ने गरी लक्ष्यहरू लिई हासिल गर्न अग्रसर रहेको छ।

आदरणीय नगर सभाका सदस्यहरू,

अब म मटिहानी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास

### क. कृषि तथा पशुपालनः

- व्यावसायिक खेती र पशुपालनमा युवाहरूको सहभागिता अभिवृद्धि गर्न सीपमुलक तालिम कार्यक्रम मार्फत् युवाहरूलाई आकर्षण गरिनेछ। साथै नगरपालिकामा उत्पादन तथा आयमूलक कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- एक घर एक करेसाबारी कार्यक्रम अन्तर्गत कृषक समुहमार्फत वर्षैभरी ताजा तरकारी उत्पादन गर्न र घर वरिपरिको खेर गईरहेको बाँझो जमिनको सदुपयोग गर्ने उद्देश्यले विशेषगरी महिला कृषकहरूलाई लक्षित गर्दै करेसाबारी स्थापना गर्न कृषि औजार तथा विउविजन वितरण गरिनेछ।



CamScanner

- मटिहानी नगरपालिका वडा नं. ३ र ६ लाई नमुना तरकारी खेति उत्पादनको रुपमा स्थापना गरी किसानहरुलाई आवश्यक कृषि सामाग्रीहरु गराइनेछ।
- माटोको उर्वराशक्तिलाई जोगाउन माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ साथै माटो सुधारको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- मटिहानीको चिनारीको रूपमा रहेको उत्पादन मखान खेतीलाई प्रवर्धन गरिनेछ साथै उक्त उत्पादनको Branding कार्यलाई सहयोग गरिनेछ ।
- कृषकहरूलाई आवश्यकताको आधारमा आँप, लिची कटहर, अमला कागती, अनार आदिको बिरुवा निःशुल्क उपलब्ध गराई आर्थिक उपार्जन कार्यलाई बढावा दिइनेछ।
- व्यावसायिक कृषकहरूको क्षमता विकासका लागि "कृषक व्यवसाय पाठशाला" सञ्चालन गरिनेछ।
- खाद्य सुरक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ र खाद्य सुरक्षा अभिवृद्धिका लागि धान र गहुँको उत्पादनलाई थप विस्तार गरिनेछ।
- कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन प्राकृतिक तथा कृत्रिम गर्भाधानको माध्यमबाट नस्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गर्न गाई, भैंसी र बाखामा नस्ल सुधार कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।
- कृषकहरूको प्राविधिक सेवामा पहुच पुर्याउने उद्देश्यले नगरपालिकाभित्रका करिब ५० जना कृषकहरूलाई व्यवसायिक तरकारी खेति सम्बन्धि तालिम संचालन गरिनेछ।
- व्यावसायिक च्याउ तथा पुष्प/फूल खेती गर्ने कृषकहरूलाई विशेष अनुदानको व्यवस्था मिलाइनेछ। उक्त कार्यक्रममा थप युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।



CamScanner

- किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिँदै सूचीकृत किसानहरूलाई तोकिएको मापदण्डका आधारमा पहिचान गरी कृषि तथा पशुपक्षी मन्त्रालयको समन्वयमा किसान परिचयपत्र वितरण कार्य सुरु गरिनेछ।
- बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंग सहकार्य गरी परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गर्न जोड दिइनेछ।
- पशु खोप कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- डाले घाँस र बहु-उन्नत जातका घाँसको उत्पादनलाई निरन्तरता दिइनेछ।
- पशुपक्षी तथा मत्स्य पालन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## ख. उद्योग तथा वाणिज्य तर्फ

- नगर क्षेत्रका सबै घरेलु, साना तथा मझौला उद्योगको व्यवसाय दर्ता तथा अभिलेखीकरण गरी विवरण अद्यावधिक गरिनेछ।
- नगरवासीको आय आर्जन वृद्धिको लागि सीप विकास तालिम, लघु उद्यम र उद्यमशीलता विकासमा जोड दिइनेछ।
- युवा उद्यमीहरूलाई आधुनिक कृषि व्यवसाय, पशुपालन, घरेलु उद्योग लगायतका व्यावसायिक कार्यमा संलग्न हुनलाई प्रोत्साहन गरिनेछ ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा जोड दिनेछ।
- नगरपालिका क्षेत्र भित्र औद्योगिक ग्राम निर्माणका लागि जग्गा पहिचान देखि थप कार्य अगाडि बढाइनेछ।
- नगरपालिकाको एक मात्र ऐतिहासिक मटिहानी बजारलाई थप सौन्दर्यीकरण गरिनेछ।

## ग. सहकारी तर्फ

- सहकारी संस्था दर्ता तथा सञ्चालित सहकारीहरूको नियमित अनुगमन र नियमन गरिनेछ। साथै नगर क्षेत्रभित्र सञ्चालित सहकारीहरूको अभिलेखलाई व्यवस्थित गरिनेछ।
- यस वर्ष पनि वार्षिकरुपमा कम्तीमा एक वटा सामाजिक कार्य गरी त्यसको प्रतिवेदन गर्ने सहकारी संस्थाहरूलाई नगरपालिकाले सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- सहकारी संस्थाहरूलाई कोपोमिस प्रणालीमा आबद्ध गराउने नीतिलाई प्रभावकारी बनाइनेछ।

## घ. पर्यटन तर्फ

- नेपालको सबैभन्दा पुरानो मटिहानी मठलाई विश्वको सम्पदा सूचीमा सूचिकृतका लागि थप पहल गरिनेछ।
- तस्मैया बाबाको पार्कलाई नमुना पार्क बनाइने कार्यलाई निरन्तरता दिइनेछ।
- नगरभित्रका जलसागर, चौरदह पोखरीहरुलाई सौन्दर्यीकरण, गोसाईकुण्ड र तिलकदास पोखरीहरूमा भइरहेको सौन्दर्यीकरणलाई निरन्तरता दिइनेछ।
- आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा दिन यस नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नका लागि प्रचार प्रसार, चित्र निर्माण लगायत, थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरूको विकासलाई निरन्तरता दिइनेछ।



CamScanner

- मिथिला मध्यमा परिक्रमाका पडावस्थल व्यवस्थित गर्न तथा श्रद्धालु भक्तजनहरूलाई थप सेवा प्रदान गर्न शौचालय, वासस्थान तथा खानेपानीको व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यक्रमहरू तय गरिनेछ।
- आन्तरिक तथा बाह्य पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि नगरपालिकाका कर्मचारीहरूलाई आर्थिक सुविधासहित १० दिनको पर्यटन काज दिने व्यवस्था मिलाइनेछ।
- स्थानीय भाषा, साहित्य, कला र मौलिक संस्कृतिको संरक्षण र संवर्द्धनमा निरन्तर जोड दिइनेछ।

## २. सामाजिक विकास क्षेत्रसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु

### क. शिक्षाः

- स्थानीय मैथिली भाषाको विकास, संरक्षण तथा संवर्द्धन गर्नका लागि नगरपालिका भित्रका सामुदायिक विद्यालयको कक्षा १ देखि ८ सम्मको पाठ्यक्रममा १०० पूर्णाङ्कको मैथिली भाषाको किताब छाप्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयको प्राविधिक धारतर्फ कम्प्युटर इन्जिनियरिंगमा अध्ययनरत विद्यार्थीहरुलाई सूचना प्रविधिमा पहुँच पुऱ्याउन जोडकोषमा आधारित ल्यापटप वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालय राम मा.वि. र संस्कृत मा.वि.मा कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई निःशुल्क साइकल वितरण कार्यलाई निरन्तरता दिइनेछ।



CamScanner

- शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता पारदर्शी लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट विद्यालयहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ। मापदण्ड एवं गुणस्तरमा कमजोर विद्यालयहरूलाई गुणस्तर सुधारका लागि कडा नियमन गरिनेछ।
- नगरपालिका भित्रका प्रारम्भिक बाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम न्यूनतम पारिश्रमिकमा नगरपालिकाबाट तोकिएको रकम थप गरी कर्मचारीहरूको मनोबल उच्च बनाइनेछ।
- नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत दलित विपन्न, गरिब, अपाङ्ग, असहाय तथा सहिद परिवारका जेहेन्दार विद्यार्थीहरूको लागि "नगरप्रमुख छात्रवृत्ति पुरस्कार" लाई निरन्तरता दिइनेछ।
- पर्याप्त भौतिक पूर्वाधार नभएका सामुदायिक विद्यालयहरूलाई प्राथमिकताको आधारमा भौतिक रूपमा सुदृढीकरण गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- नेपालको सबैभन्दा पुरानो तथा जेठो मटिहानी संस्कृत विद्यालय नेपाल संस्कृत विश्व-विधालय अन्तर्गत रहेको या.ल.ना. विद्यापीठलाई संस्कृत विषयक अन्तर्राष्ट्रिय स्तरको अध्ययन र अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने कार्यमा आवश्यक सहयोग गरिनेछ। साथै त्यसको भैतिक विकासमा पनि जोड दिईनेछ ।
- नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूको सुरक्षा तथा शैक्षिक गुणस्तर बढाउन प्रत्येक विद्यालयमा क्रमशः CCTV जडान गरी शैक्षिक निगरानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक सिकाई केन्द्र, मटिहानीको व्यबस्थापन, संरक्षण, संवर्द्धन र सञ्चालनमा विशेष जोड दिइनेछ।



CamScanner

- हरित विद्यालय यस पटक तीनवाट विद्यालय हाताभित्र वृक्षारोपण कार्यक्रम सञ्चालन गरि क्रमिक रुपमा सबै विद्यालयमा लागु गरिने छ ।
- आवश्यकता अनुसार नगर क्षेत्रभित्र मदरसा र गुरुकुल शिक्षाको विकासमा पहल गरिनेछ ।
- मटिहानीको राम मा.वि.मा स्नातक तहसम्म कक्षा सञ्चालन गर्न बिभिन विश्व-विद्यालयमा पहल गरिनेछ।
- पाँच वर्ष मुनिका बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- नगरक्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरूमा *बुक एन्ड ब्याग फ्रि फ्राईडे* कार्यक्रम सञ्चालन गरी विधार्थीहरुको मनोबल उच्च बढाउनुको साथै सीप विकासमा जोड दिइनेछ।
- प्रत्येक विद्यालयबाट कम्तीमा एक जना शिक्षकलाई ICT सम्बन्धी तालिम तथा आधारभूत शिक्षकहरूलाई शैक्षिक गुणस्तर अभिवृद्धिको लागि पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ।
- नगरक्षेत्रभित्रका विद्यालयहरूमध्ये निश्चित मापदण्ड पूरा गरेका बाल विकास केन्द्र, आधारभूत तह र माध्यमिक तहका एक एक विद्यालयलाई नमुना विद्यालयको रूपमा घोषणा गरी गुणस्तरीय तथा व्यावसायिक शिक्षा प्रदान गरिनेछ।
- शिक्षामा अभिभावकहरूको पहुँच अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।



CamScanner

- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकासमा जोड दिइनेछ।
- विपद्को समयमा पढाइमा हुने क्षति पूर्तिका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयहरूमध्ये कम्तिमा ४ वटा विद्यालयमा अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गरिनेछ।
- राजकीय संस्कृत मा.वि. मटिहानी र या.ल.ना. विद्यापीठको पूर्व विधार्थी भेला तथा स्मारिका प्रकाशन गर्न सहयोग गरिनेछ ।
- विद्यालयको गुणस्तर अभिबृद्धिका लागि प्र.अ.हरुको अबलोकन भ्रमण गर्न सहयोग गरिनेछ ।
- मटिहानी नगरपालिका वडा नं.-३ मा आधारभूत विद्यालय स्थापनाको लागि पहल र बजेट बिनियोजन गरिनेछ ।
- शिक्षक विधार्थी अनुपातको आधारमा शिक्षक संख्या कम भएका विद्यालयका लागि नगरपलिकवाट नियुक्त भएका नगर शिक्षकको सेवालाई निरन्तरता दिदै थप नगर शिक्षक भर्ना गरिनेछ ।
- अति कमजोर वालवालिकाको क्षमता अभिवृद्धि गर्नका लागि अतिरिक्त कक्षा संचालन गरिनेछ। अतिरिक्त कक्षामा अध्यापन गराउने शिक्षकलाई प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ ।
- शिक्षकको क्षमता, सीप तथा विद्यालयको आवश्यकता अनुसार शिक्षकको सरुवाको व्यवस्था गरिनेछ।



CamScanner

## ख. स्वास्थ्य तर्फ

- मटिहानी नगरक्षेत्रका गर्भवती महिलालाई सुरक्षित प्रसूति सेवा प्रदान गर्न निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई मातृ मृत्युदर शून्य बनाउन विशेष जोड दिइनेछ। साथै थप उपचारको लागि बर्थिङ सेन्टरले प्रेसन (Refer) गरेको खण्डमा जनकपुर सम्मको लागि समेत निःशुल्क एम्बुलेन्स सेवा प्रदान गराइनेछ।
- स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकासलाई जोड दिइनेछ।
- आवश्यक दक्ष जनशक्ति, उपकरण र उपचारको लागि औषधी सहितको स्वास्थ्य संस्था सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- बहु क्षेत्रीय पोषण योजनालाई सशक्त रूपमा कार्यान्वयन गरिनेछ।
- प्रसुती सेवा केन्द्रमा ECG, अल्ट्रासाउण्ड मेशिनको व्यवस्था मिलाई Gynaecologist(गाईनोक्लोजिस्त)को व्यवस्था गरिनेछ ।
- थाईराइड जाचको लागि मटिहानी जनस्वास्थ्य प्रयोगशालामा फिया मेशिनको जडान गरिनेछ ।
- महिनावारी बन्द भएको महिला लाई निःशुल्क पिसाबको जाँच गरी गर्भ रहे/नरहेको यकिन गरी सेवा प्रदान गरिनेछ।
- गर्भवतीको लागि निःशुल्क अल्ट्रासाउन्ड सेवालाई निरन्तरता दिइनेछ।
- गर्भवती तथा सुत्केरी महिलाहरूलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढङ्गले उपलब्ध गराइनेछ साथै गर्भवती महिलाले प्रोटोकल अनुसार ८ पटक

अनिवार्य जाँच गराउनको लागि प्रोत्साहन गर्न क्याल्सियम चक्की र प्रत्येक गर्भ जाँचमा सफाइ सामग्री साबुन प्रदान गरिनेछ।

- घरदैलोमा दक्ष स्वास्थ्यकर्मीद्वारा प्रदान गरिँदै आएको सुत्केरी तथा नवशिशुको जाँच सेवालाई प्रभावकारी तरिकाले सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।
- मेयरसँग समुदाय स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिँदै उक्त कार्यक्रममा ज्येष्ठ नागरिकलाई ब्लड प्रेसर जाँचको साथ-साथै निःशुल्क डाईबिटीज (चिनी रोग)को जाँच गरिनेछ।
- कीटजन्य रोगबाट नगरवासीलाई बचाउन नगर क्षेत्रभित्र विषादी छर्किने कार्यलाई निरन्तरता दिइनेछ।
- घर-घरमा परामर्श, टोल-टोलमा महिला स्वयंसेविका कार्यक्रम सञ्चालन गरी महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च बनाउन सुनिश्चित गरेको यातायात खर्च, दुई/दुई वर्षमा झोला र त्रिपाल प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिँदै आ.व. ०८२/०८३ मा थप सुविधा प्रदानको लागि कार्यक्रम ल्याउने छ। साथै स्वास्थ्य आमा समूहको बैठकमा नगरपालिकाबाट दिँदै आएको खाजा खर्चलाई निरन्तरता दिइनेछ।
- बर्थिङ सेन्टर सेवालाई व्यवस्थित गरी मातृ र नवजात शिशुको मृत्युदरमा कमी ल्याइनेछ।
- स्वास्थ्य संस्थाहरूलाई बाल किशोर किशोरी, अपाङ्ग तथा ज्येष्ठ नागरिक मैत्री संस्था बनाइनेछ।

- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह जस्ता सङ्घ संस्थाहरूको परिचालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ।
- स्वास्थ्य संस्थाहरूमा फोहोर व्यवस्थापनका लागि इन्सिनेटर बनाई प्रयोगमा ल्याइनेछ।
- महामारी नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- अन्धोपन न्यूनीकरणका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सुदृढ बनाई कुपोषण न्यूनीकरण गरिनेछ ।

### आयुर्वेद तर्फ

- आयुर्वेद तथा पारम्परिक चिकित्सा प्रणालीको विकास गर्नुको साथै आयुर्वेद सेवा नपुगेका समुदायमा गाउँघर क्लिनिक सञ्चालन कार्यलाई निरन्तरता दिदै आयुर्वेद सेवा थप विस्तार गरिनेछ।
- स्तनपायी आमालाई दूध बर्धक औषधी निःशुल्क वितरण गरिनेछ ।
- जेष्ठ नागरिकको स्वास्थ्य प्रवद्धनको लागि निःशुल्क औषधी वितरण गरिनेछ ।
- पांचक्रम, स्नेहन, स्वेदन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँघर तथा शहरी क्षेत्रमा आयुवेद क्लनिक संचालनलाई निरन्तरता दिईनेछ ।

## ग. खानेपानी तथा सरसफाई

- मटिहानीका ९ ओटै वडामा आधारभूत स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चत गराइनेछ। सुरक्षित पिउनयोग्य पानीको पहुँच सुनिश्चितता गर्न थप कार्य गरिनेछ।
- एक घर एक खानेपानी पाइपको लागि विस्तृत कार्य योजना बनाइ अघि बढाइनेछ।



CamScanner

## घ. समावेशीकरण, गरिवी निवारण तथा कला संस्कृति तर्फ

- नगरपालिका क्षेत्रभित्रका सबै ज्येष्ठ नागरिकहरूको मनोबल उच्च बनाउन कम्बल, झुल र पङ्खा खरिद गरी निःशुल्क उपलब्ध गराइनेछ साथै अन्य जेष्ठ नागरिक सम्मान जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- लक्षित समूह मैत्री विविध योजनाहरू सञ्चालन गरिनेछ।
- महिला तथा युवाहरूमा सिर्जनात्मक क्षमताको विकास गरी सीपमूलक र व्यावसायिक तालिम मार्फत स्वरोजगार सिर्जना गरिनेछ।
- बाल अधिकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिलाई पूर्ण पालना गराइनेछ। नगरपालिकालाई बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि कार्य अगाडि बढाइनेछ।
- महिला हिंसा तथा बालविवाहको अन्त्य गर्न थप आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- महिला हिंसा तथा मनोसामाजिक समस्याबाट पीडितहरूको लागि मनोपरामर्श सेवा प्रदान गरिनेछ साथै मनोविमर्शकर्ताको सेवालाई निरन्तरता दिइनेछ।
- नगर क्षेत्रभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रूपमा अन्त्य गरिनेछ।
- बालबालिकाहरूको व्यक्तित्व विकासका लागि बाल विवाह, दाइजो प्रथा उन्मूलन गरी सामाजिक विकृति न्यूनीकरण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयहरूमा महिला र छात्राहरूको लागि निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ।



CamScanner

- नगरपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी मुलप्रवाहिकरण रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- वैदेशिक रोजगारको सिलसिलामा विदेशमा मृत्यु भएमा मृतक परिवारलाई राहत स्वरूप नगरपालिकाबाट रु ५० हजार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको लगत सङ्कलन गरी अद्यावधिक गरिनेछ।
- लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरूलाई तत्काल राहत उपलब्ध गराउन लैङ्गिक हिंसा व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन गरिनेछ।
- आ.व. २०८४।०८५ सम्ममा यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न नीतिगत तथा कार्यक्रमगत प्रवन्ध गरी प्रभावकारी रूपमा कार्य सञ्चालन गरिनेछ।
- भौतिक संरचनाहरू निर्माण गर्दा अपांगमैत्री हुनुपर्नेमा जोड दिइनेछ।
- वालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधि निर्माण गरिनेछ।
- लैङ्गिक निवारण कोषको कार्यविधि निर्माण गरी स्थापना गरिनेछ।
- नगर क्षेत्रभित्र छुवाछुत तथा सामाजिक विभेदलाई पुर्णरुपमा अन्त्य गरिनेछ।
- वालवालिका, महिला, किशोर-किशोरी, अपांग, जेष्ठ नागरिक तथा एकल महिला, जनजाती र अल्पसंख्यक सम्बन्धि नीति निर्माण गरी सशक्तिकरण गरिनेछ।
- गरिवी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम अन्तर्गत विभिन्न वडामा सीप विकास तालिम संचालन गरिनेछ ।
- मटिहानी नगरपालिका र स्पोर्ट नेपालको सहकार्यमा समावेशी विकासलाई अगाडी बढाईनेछ ।



CamScanner

ङ. खेलकुद तर्फ

- नगरभित्रका वडामा रहेका खेलाडीहरूलाई व्यवसायिक बनाउने नीति अङ्गीकार गरिनेछ। साथै एक वडामा न्यूनतम एक खेल मैदान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ। सम्भाव्य देखिएका खेल मैदान निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन लगायतका खेललाई प्रोत्साहन गर्न नगरस्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गरिनेछ। साथै खेल र खेलाडीहरूको लागि खेलकुद सामग्रीहरू निःशुल्क वितरण गरी खेलाडीहरूको मनोबल उच्च बनाइनेछ।
- राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता कार्यक्रममा बिधार्थीहरुको मनोबल बढाउन बजेट अभिबृद्धि गरी प्रतियोगितालाई अझै मैत्रीपुर्ण र भरपर्दो बनाइनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र सङ्ग सम्बन्धी नीति तथा कार्यक्रम

### क. सडक तथा पुल यातायात, विद्युत

- सघन सहरी विकास कार्यक्रम मार्फत विकास निर्माण योजनाहरू मटिहानी न.पा.-५ गोवरौरा-विशनपुर-मझौरा हुदै राम जानकी पथसम्म कालोपत्रे, बिग्ही नदी देखि परिक्रमा गाछीसम्म आर.सी.सी.नाला निर्माण, हात्तीसार पोखरी, राघोबाबा पोखरीलाई सौन्दर्यीकरण, बहु-उद्देश्य भवनको निर्माणलाई निरन्तरता दिइनेछ।
- नगर यातायात गुरू योजना अन्तर्गत पहिचान भएका सडकहरूको निर्माण कार्य आ.व.२०८२/०८३ देखि कार्यान्वयनमा ल्याइनेछ।
- मटिहानी नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ गरिनेछ।

- सङ्घीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठुला पूर्वाधार निर्माण कार्य सञ्चालन गरिनेछ।
- नगर क्षेत्रलाई क्रमशः ग्रेभल, पी.सी.सी. ढलान, आर.सी.सी. ढलान, कालोपत्रे तथा नाला निर्माण गरी स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगर क्षेत्रभित्रका अति आवश्यक भएको स्थानमा हयूमपाइप, कल्भर्ट तथा जैविक तटबन्ध योजनाको अवस्था हेरि निर्माण गरिनेछ।
- मटिहानी नगरलाई सधैं उज्यालो बनाउने नीति लिइनेछ। नगरभित्रको सबै विद्युत पोलहरूमा LED बल्ब तथा स्ट्रीटलाइटहरु जडान कार्यलाई निरन्तरता दिइनेछ।
- मटिहानी नगरका सबै ग्रामीण क्षेत्रमा विद्युतीकरण कार्यलाई व्यवस्थित गरिनेछ।
- जनसहभागिताबाट निर्मित योजनाहरू दिगो हुने तथा यस्ता योजनाहरूमा जनताको अपनत्व भई सञ्चालन एवं रेखदेख जनताबाटै स्वतःस्फूर्त रूपमा हुने हामी सबैको अनुभव छ। तसर्थ मौलिक पूर्वाधार सम्बन्धित योजनाहरू सञ्चालन गर्दा १० प्रतिशत अनिवार्य रूपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।
- मटिहानी नगरपालिका वडा नं.-८ मा रहेको कि.नं.-२६३, क्षेत्रफल १ बिग्हा ११ कठा १८ धुर जग्गा गुठी संस्थान केन्द्रिय कार्यालयवाट लिज सम्झौता भई बहुउद्देश्य भवन निर्माण भईरहेको तथा कि.नं.-९२, क्षेत्रफल २ बिग्हा १५ कठा २ धुर जग्गा पनि गुठी संस्थान केन्द्रिय कार्यालयवाट लिज सम्झौता भईसकेकोले बस पार्क तथा अन्य कार्य निर्माण गरिनेछ ।



CamScanner

## ख. सिचाई

- कृषकहरुलाई सिचाईको लागि ९ वटै वडामा स्यालो ट्यूवेल जडान गरिनेछ ।
- मटिहानी नगरपालिका बिसनपुर स्थित दुधमती नदीको "छ" भन्ने स्थानमा फाटक बनाउने कार्यलाई प्राथमिकताक साथ अगाडी बढाउनेछ।
- कृषि सिंचाइ प्रयोजनका लागि मटिहानी नगरपालिका र बिधुत प्राधिकरणको साझेदारी कार्यक्रम अन्तर्गत पोल जडान भई ट्रान्सफरमर तथा तार जडान गरी नगरक्षेत्रभित्रका किसानहरूले खपत गरेको बिधुत महसुलको ५० प्रतिशत रकम नगरपालिकाले अनुदान स्वरूप उपलव्ध गराउनेछ ।

## ग. भवन तथा सहरी विकास तर्फ

- भवन आचारसंहिता को पूर्ण परिपालना गर्ने नीति अवलम्बन गरिनेछ। नगरपालिका भित्र नगरपालिका स्थापना पूर्व निर्माण भएका घर नक्साहरू र नक्सा पास बिना निर्माण भएका घरहरूको अभिलेखीकरण गरिनेछ।
- सार्वजनिक नीजि साझेदारी तथा स्थानीय नगद लागत साझेदारीको आधारमा पूर्वाधार विकासको कार्य अगाडी बढाइनेछ।
- नगर पार्श्वचित्र र नगर प्रोफाइललाई प्रत्येक वर्ष अपडेट कार्य निरन्तर रूपामा गरिने छ।
- ढल तथा नाला निर्माणका कार्यहरूलाई निरन्तरता दिइनेछ।
- जग्गा वर्गीकरण, जग्गा विकास कार्यलाई निरन्तरता दिइनेछ।

### घ. सञ्चार तर्फ

- मटिहानी नगरपालिका मातहतका सबै कार्यालयलाई सूचना प्रविधियुक्त बनाउँदै सेवा प्रवाहलाई सूचना प्रणालीसँग आवद्ध गरिनेछ।
- सूचना तथा सञ्चारको विकासका लागि नगरका सबै वडामा द्रुतगतिको इन्टरनेट सुविधा उपलब्ध गराइनेछ।
- नगर भित्रका शहरी क्षेत्र समेतमा फ्री वाई फाई जोन (Free Wifi Zone) बनाइनेछ।
- महोत्तरी लगायत यस क्षेत्रमा पत्रकारिताको विकासका लागि नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखासँग आवश्यक सहकार्य गरिनेछ र पत्रकारको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमका साथै पत्रकार सहयोग कार्यलाई निरन्तरता दिइनेछ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू

- विपद्को घटनाहरूको पूर्वानुमान गरी आवश्यकता अनुसार रोकथाम पूर्व तयारी, प्रतिकार्यका साथै सोसँग सम्बन्धित सचेतनाका कार्यक्रम प्रचार-प्रसार र सतर्कताका कार्यहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ।
- स्थानीय विपद् जोखिम न्यूनीकरण योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- नगरभित्रका नदिका कारण जनताले भोग्नु परेको समस्याहरूलाई न्यूनीकरण गर्न आवश्यक कार्य गरिनेछ।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम कीटजन्य रोगको रोकथामका उपायहरू अवलम्बन गरिनेछ।



CamScanner

- फोहोर मैला व्यवस्थापन सम्बन्धी विनियमावली/कार्यविधि को प्रभावकारी कार्यान्वयनमा गरिनेछ।
- नगरभित्रको फोहोरलाई व्यवस्थापन गर्ने कार्यको निरन्तरता दिइनेछ।
- फोहोरलाई उचित स्थान (Land feild Side) पहिचान गरी निर्माण तथा व्यवस्थापन गरिनेछ।
- घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टीटन्की निर्माण कार्यलाई अनिवार्य गरिनेछ।
- नगरभित्रको मुख्य तथा सहायक सडकका दायाबायाँ क्रमशः हरिया बोट बिरुवा लगाइनेछ।

## ५. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति तथा कार्यक्रमहरू

- सेवाग्राहीलाइ सर्वसुलभ रुपमा सेवा प्रवाह गर्ने नीति लिएको छ।
- नगरपालिका अन्तर्गतका सबै कार्यालयहरू सेवाग्राही मैत्री बनाइनेछ।
- नगरपालिकाबाट भए गरेका काम कारबाही तथा सेवा प्रवाहको सम्बन्धमा नागरिक मत सर्वेक्षण गरिनेछ।
- राम्रो काम गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिनेछ। गैर कानुनी काम गर्नेलाई कानुन अनुसार कारबाहीको व्यवस्था गरिनेछ।
- मटिहानी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरू र वडा सचिवहरूले कार्यालय समय भन्दा अघि पछि काम गरेबापत अतिरिक्त सुविधाको व्यवस्था मिलाइनेछ।
- मटिहानी नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूलाई सङ्घीय तथा प्रदेश सरकारको प्रचलित कानुन बमोजिम बढुवा प्रक्रिया अगाडि बढाइनेछ। निरन्तर रुपमा अस्थायी



CamScanner

तथा करार सेवामा कार्यरत कर्मचारीको उत्प्रेरणा अभिवृद्धिका लागि आवश्यक कार्य गरिनेछ।

- कर्मचारीको क्षमता विकास अभिवृद्धि र प्रोत्साहनको लागि क्षमता अभिवृद्धि, अवलोकन भ्रमण जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।
- मटिहानी नगरपालिकालाई कार्यक्षेत्र बनाई खोजमूलक तथा अनुसन्धान मूलक पत्रकारिता गर्ने पत्रकारलाई प्रोत्साहनको नीति लिइनेछ।
- यस नगरपालिका क्षेत्रभित्र सञ्चार माध्यमहरूको विकासका निम्ति आवश्यक नीति तय गरिनेछ।
- नगरपालिकाको सम्पूर्ण सेवालाई महिला, बालबकालिका र युवा मैत्री बनाउन प्रयत्न गरिनेछ र सबै नगरवासी जनतालाई सूचनाको हक अधिकारको पूर्णरुपमा प्रत्याभूति दिलाइनेछ।
- करारका कर्मचारीहरूको आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम म्याद थप गरिनेछ।
- लामो समय देखि करारमा कार्यरत कर्मचारीहरूलाई न्यूनतम आवश्यक प्रक्रिया पुरा गरी स्थायी गरिने नीति अवलम्बन गरिनेछ।
- मटिहानी नगरपालिकाको संगठन तथा सर्वेक्षण (O & M) स्वीकृत गरी कार्वान्वयनमा ल्याउनेछ।
- करारमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।
- कर्मचारी कल्याण कोषमा योगदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगर प्रहरीको प्रभावकारी परिचालन मार्फत् नगरको सुरक्षा थप मजबुत बनाइनेछ।



CamScanner

- करदाताको विवरण अद्यावधिक गरिनेछ।
- करको दायरालाई फराकिलो बनाइनेछ। नगरपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। कर प्रणालीलाई सुधार गरी राजश्व परिचालनलाई प्रभावकारी बनाइनेछ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ। खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।
- कर अभियान र कर साक्षरता जस्ता कार्यक्रम सञ्चालन गरिनेछ साथै वित्तीय अनुशासनलाई जोड दिइनेछ।
- योजना तथा कार्यक्रमको समयमा नै सार्वजनिक परीक्षण गरिनेछ।
- अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट कार्यलाई समयमा नै सम्पादन गर्न पेस्की तथा बेरुजु फछ्र्यौट कार्यलाई तीव्रता दिइनेछ र पुराना बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- समय समयमा सार्वजनिक सुनुवाइको व्यवस्था मिलाइनेछ।
- नगरपालिका र नगरपालिकाका प्रत्येक वडाहरूमा नागरिक वडापत्र राखी स्तरोन्नति गरिनेछ।



CS CamScanner

सभाका सदस्यज्यू

उल्लेखित नीति, कार्यक्रम कार्यान्वयनको लागि आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बजेटको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.न | शिर्षक | आ.व. २०८२/०८३ को अनुमान |
|---|---|---|
| १. | १००२० राजस्व बाँडफाडवाट प्राप्त रकम(संघीय सरकार) | ९ करोड ६० लाख |
| २. | राजस्व बाँडफाडवाट प्राप्त हुने अनुमानित रकम (प्रदेश सरकार) | ४५ लाख |
| | राजस्व बाँडफाडतर्फको जम्मा | १० करोड ५ लाख |
| | संघीय सरकार | |
| ३. | १३३११ समानीकरण अनुदान | ९ करोड ९७ लाख |
| ४. | १३३१२ सशर्त अनुदान चालु | १५ करोड ७१ लाख |
| ५. | १३३१३ सशर्त अनुदान पुँजिगत | ८६ लाख |
| ६. | १३३१५ विशेष अनुदान पुँजिगत | ६९ लाख |
| ७. | १३३१७ समपूरक अनुदान पुँजिगत | ८७ लाख |
| | *संघीय सरकारतर्फको जम्मा* | *२८ करोड १० लाख* |
| | प्रदेश सरकार | |
| | २६३३१ वित्तीय समानिकरण अनुदान | ७६ लाख |
| | २६३३३ विशेष अनुदान पुँजिगत | ३० लाख |
| | २६३३४ समपूरक अनुदान पुँजिगत | २० लाख |
| | *प्रदेश सरकार तर्फको जम्मा* | *१ करोड २६ लाख* |
| | आन्तरिक श्रोत | |
| | ११३१४ – भूमिकर/मालपोत | ५ लाख |
| | ११३२१ – घरवहालकर | ३ लाख |
| | ११३२२ – वहाल वितौरी कर | ४० लाख |
| | ११४५१ -सवारी साधन कर(टंगा, अटो रिक्सा, इरिक्सा) | १० हजार |



CamScanner

| | | |
|---|---|---|
| | ११४७१ —सिनेमा/डकुमेन्ट्री | १० हजार |
| | ११४७२ —विज्ञापन कर | २५ हजार |
| | ११६८१ —अन्य कर | १ लाख |
| | १४१५१ सरकारी सम्पतिको वहालबाट प्राप्त आय | ८ लाख |
| | १४२१३-अन्य बिक्रिवाट प्राप्त रकम (राजपत्र, पुस्तक, नक्सा आदि) | २ हजार |
| | १४२२१-न्यायिक दस्तुर | १० हजार |
| | १४२२४-परीक्षा शुल्क | १० हजार |
| | १४२२९-अन्य प्रशासकिय सेवा शुल्क (बोलपत्र, दरभाउ पत्र, कोटेशन) | ३ लाख |
| | १४२४२ —नक्सापास दस्तुर | ३ लाख |
| | १४२४३-सिफारिस दस्तुर (प्रमाणित समेत) | २१ लाख |
| | १४२४४-व्यक्तिगत घटना दस्तुर | २ लाख |
| | १४२४५-नाता प्रमाणित दस्तुर | ५० हजार |
| | १४२२४९-अन्य दस्तुर (दर्ता, अनुमानित, इजाजत) | १ लाख |
| | १४५२९-अन्य राजस्व | ५ लाख |
| | १४६११-व्यवसाय कर | १ लाख |
| | जनसहभागिता | ५ हजार |
| | ३२१२१ -गत वर्षको मौज्दात | ४ करोड १४ लाख ७८ हजार |
| | *आन्तरिक स्रोत तर्फको जम्मा* | *५ करोड ९० लाख* |
| | कुल जम्मा | ४४ करोड ५० लाख |

यसरी मटिहानी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि **कुल बजेट ४४ करोड ५० लाख** मात्र विनियोजन गरेको छु।

वडा समितिहरुको प्रशासनिक तथा साधारण खर्च रकम रु ३ लाखका दरले रु.२७ लाख विनियोजन गरिएको छ भने बस्ती तथा वडास्तरवाट छनौट भई आउने योजना सञ्चालन समेत गरी वडा समितिको पूँजिगत खर्च तर्फ रकम रु. ७० लाख दरले रु.६ करोड ३०



CamScanner

लाख (छ करोड तिस लाख) तथा चालु आ.व.मा सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आ.व. ०८२/०८३ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ । साथै अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरूबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

**आदरणीय उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरू सभामा पेश भई सभाले स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु। नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहदैन। तसर्थ नीति कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्बद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ ।नगरपालिकाले आम नगरवासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको व्यहोरा समेत सम्मानीत सभामा राख्न चाहन्छु ।

**अन्त्यमा**

नगरको विकासका लागि मार्गदर्शनको रुपमा रहेको यो नीति कार्यक्रम तथा बजेट तयार गर्न सहयोग गर्नुहुने नगर-उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना अधिकृतज्यू, सभा तयारीको प्रारम्भिक चरणदेखि अहोरात्र खट्ने सम्पूर्ण कर्मचारीहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नुभएका सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै नीति, कार्यक्रम तथा बजेटको सारांश प्रस्तुति यहीं अन्त्य गर्दछु।

०४ असार २०८२ साल

धन्यवाद ।

हरि प्रसाद मण्डल
नगर प्रमुख

**समाप्त**













Printed by:
**UNION PRESS**
Ramchowk, Janakpurdham-4

CS CamScanner